# मंगला गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

बाबियाचौर, म्याग्दी

गण्डकी प्रदेश, नेपाल

प.सं : २०७७/०७८ मिति: २०७७/११/०३

च.नं :

## प्राविधिक सहायक करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः- २०७७-११-०३)

प्रस्तुत विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) ०७७/७८ च.नं. २३ को मिति २०७७-०४-१२ को पत्रानुसार यस मंगला गाउँपालिकामा सञ्चालित रोजगार सेवा केन्द्रको लागि आवश्यक प्राविधिक सहायक पद करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले १५ दिन भित्र माग बमोजिमका विवरण र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा निबेदन दिनुहुन अनुरोध छ ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | ०७/२०७७/०८८ | प्राविधिक सहायक | स्थानीय सेवाको पाँचौ तह सरह | १ |

१. आवश्यक न्युनतम योग्यता र अनुभवः-

(क) सिभिल इन्जिनियरिङमा प्रविणता प्रमाण पत्र तह वा ओभरसियर वा डिप्लोमा तह उतिर्ण भएको

(ख) अनुभव र सीपः प्राविधिक सहायकमा देहायका अनुभव र सीप आवश्यक पर्नेछः-

- कम्तिमा ३ महिने तालिम लिई आधारभूत कम्पुटर सीप भएको,
- पूर्वाधारको निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरिवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलीमा काम गरेको अनुभव, पारस्परिक सम्बन्धी सीप सहित कम्तिमा ६ महिनाको अनुभव भएको ।

(ग) उमेरः- कम्तीमा १८ वर्ष पुरा भई ४५ बर्ष ननाघेको

२. दरखास्त दिने स्थानः- मंगला गाउँकार्यपालिकाको कार्यालय, बाबियाचौर, म्याग्दी ।

३. दरखास्त दिने अन्तिम मितिः २०७७/११/१७ गते कार्यालय समय भित्र

४. आवेदनको दस्तुर :-रु. ७००

५. छनौटको किसिमः- प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परिक्षा

६. आवेदन साथ संलग्न कागजातहरुः- आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरू

- नागरिकता
- न्युनतम योग्यताको लब्धांक प्रमाणपत्र
- चारित्रिक प्रमाणपत्र
- अनुभव खुल्ने कागजात
- २ प्रति पासपोर्ट आकारको फोटो

७. सेवा सुविधाः- गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रियाको दफा (११),(१२) र (१३) बमोजिम हुनेछ ।

८. पदले सम्पादित गर्नुपर्ने कार्यविवरण स्- गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रियाको दफा (९) बमोजिम हुनेछ।

**नोटः आवेदनको ढाँचा र प्राविधिक सहायक पदको पाठ्यक्रम तथा कार्यविवरण लगायत अन्य जानकारी www.pmep.gov.np र www.mangalamun.gov.np मा उपलब्ध छ ।**

मनोहर ढकाल
२०७७/११/०३
प्रमुख प्रशासकीय अधिकृत